# राष्ट्रिय मानव अधिकार आयोग
National Human Rights Commission of Nepal
केन्द्रीय कार्यालय (Central Office)
हरिहर भवन, पुल्चोक, ललितपुर (Harihar Bhawan, Pulchowk, Lalitpur, Nepal)


## प्रेस नोट

२०७४ चैत्र ७

### आयोगद्वारा सम्माननीय राष्ट्रपति समक्ष भेट

**आयोगले आयोजना गर्ने अन्तर्राष्ट्रिय सम्मेलन तथा मानव आधिकारका विविध विषयमा छलफल**

राष्ट्रिय मानव अधिकार आयोगका माननीय अध्यक्ष तथा सदस्यहरु सहितको टोलीले नवनिर्वाचित सम्माननीय राष्ट्रपति विद्यादेवी भण्डारीसँग भेट गरी उहाँको कार्यकालको सफलताको शुभकामना व्यक्त गरेको छ । सो क्रममा आयोग द्वारा आगामी चैत २६ देखि २८ सम्म काठमाडौंमा हुने Identifying Challenges, Assessing Progress, Moving Forward: Addressing Impunity and Realizing Human Rights in South Asia सम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलनको उद्देश्य तथा अवधारणाका सम्बन्धमा सम्माननीयज्यू समक्ष आयोगका माननीय अध्यक्ष अनूप राज शर्माले अवगत गराउनु भयो ।

उक्त भेटघाटमा मानव अधिकारको वर्तमान अवस्थाका सम्बन्धमा समेत छलफल भएको थियो । देशमा विद्यमान महिला हिंसा, छाउपडी प्रथा, बोक्सी, छुवाछुत तथा जातीय विभेद, बाल अधिकार, जेष्ठ नागरिकका अधिकार लगायतका विषयमा गम्भीरतापूर्वक छलफल भई यस सम्बन्धमा नेपाल सरकारलाई तदारुकताका साथ कार्य गर्न, गराउन ध्यानाकर्षण गर्नुपर्ने विषयमा सम्माननीय राष्ट्रपतिज्यूबाट निर्देशन हुनुपर्ने औंल्याइएको थियो । भेटघाटको क्रममा समाजमा व्याप्त कुरीतिहरु विरुद्ध तथा मानव अधिकारको सम्मान र संरक्षणको लागि समाजको सबै पक्षबाट सहयोग आवस्यक रहने विचार सम्माननीय राष्ट्रपतिज्यूबाट व्यक्त भएको थियो ।

मोहना अन्सारी
सदस्य/प्रवक्ता